ISSN: 2645-8608
D.A.O. Kathmandu Regd. No. 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly

वर्ष-५, अंक-१७ COMPLIMENTARY SCHOOL MAGAZINE Nov/Dec-2018



चरा उद्धार गर्दाको क्षण





.... चितुवाको दोष छैन ।

साथमा नियमित स्तम्भ



Glimpse of Conservation



हुचिल उद्धार



हुचिल उद्धार



बाँदर उद्धार



बाँदर उद्धार



चरी बाघको वच्चा उद्धार



संरक्षण जनचेतना



सम्पादकको कलम

Chief Editor
Madhav Paudyal

Associate Editor
Ramesh Bhattarai
Thaneshwor Pd. Basyal

Chief Correspondent
Satchit Ghimire

Reporter
Biraj Pun

Editor
Bishwanath Rijal

Photo
Green Guard

Design & Layout
Bikal Shrestha

Printed at
Ojaswi Printing Press
Kathmandu

Office
Anamanagar, Kathmandu
Mobile:9808244120
Email: greenguard2016@gmail.com

Empower People! Save Wildlife !

LVDI INTERNATIONAL

अफ्रिकी बाँदर रिङ्टेल लिमुर सदर चिडियाखानाको सार्वजनिक प्रदर्शनीमा

झण्डै एक वर्षसम्म क्वारेन्टाइनमा रहेर सदर चिडियाखाना जावलाखेलको पछिल्लो प्रजातिको रूपमा रिङटेल लिमुरलाई सार्वजनिक प्रदर्शनीमा राखिएको छ । चिडियाखानाको वातावरण अनुकूल विशेष खोरको व्यवस्था गरी राखिएका यी दुईलाई सानु र सानी नाम दिइएको छ ।

अफ्रिकी देश म्याडागास्कर टापु र सो को आसपासमा मात्र पाइने यी बाँदरका प्रजाति (रिङ्टेल लिमुर) पाहुना बनेर पक्कै आएका होइनन् र कसैले वा कुनै देशले उपहार दिएका पनि होइनन् । वन्यजन्तु अपराधका क्रममा नेपाल भित्रिएका यी प्राणी नेपाल प्रहरीले बरामद गरी जिल्ला वन कार्यालय काठमाडौँलाई उपलब्ध गराएको तथा सुरक्षाको लागि सदर चिडियाखाना जावलाखेलमा राखेर हाल सार्वजनिक प्रदर्शनी गरिएको हो । म्याडागास्करको २६०० मिटर उचाइसम्मको गर्मी एवं सुख्खा मौसम तथा न्यूनतम २३ डिग्री सेल्सीयस तापक्रममा रमाउने रिङ्टेल लिमुर त्यहाँको एक प्रतिष्ठित (Iconic Symbol) प्राणी हुन् । एउटा मात्र जिनस (Geneus) भएको यस प्रजातिको नाम लिमुर शब्द लैटिन भाषाबाट आएको हो, जसको अर्थ भूत वा आत्मा हुन्छ र बिरालो जस्तो देखिने भएकोले कट्टा (Catta) राखिएको हो । जसको वैज्ञानिक नाम *Lemur Catta* हो । यसको जम्मा लम्बाई ९५-११० से.मी., शरीरको लम्बाई ३८.५-४५.५ से.मी., पुच्छरको लम्बाई ५६-६२.५ से.मी. र औषत तौल २.३-३.५ के.जी.सम्म हुन्छ ।

बाक्लो, झाँडीदार अनि सेतो र कालो औँठी जस्तै लामो पुच्छरको कारण यसलाई सजिलै चिन्न सकिन्छ । अधिकांश समय जमिनमा बिताउने तथा समय समयमा रूखमा पनि चढ्ने गर्दछन् । ढाडतिरको भागमा बाक्लो खैरो कालो भुत्ला तथा पाखुरातिर खैरो र पेट तथा छातीमा हलुका सेतो र घाँटी, टाउकोतिर कालो खैरो रङ्गको बाक्लो भुत्लाले ढाकेको हुन्छ । नाक र आँखामा त्रिभुज आकारको कालो भई बाँकी अनुहार सेतो तथा थुतुनो कालो, सेतो र लामो भुत्ला भएको कान हुन्छ । भाले र पोथी आकार प्रकारमा उस्ताउस्तै देखिन्छन् ।

समूहमा बस्न रूचाउने यिनीहरूको समूह बढीमा ३०



सदर चिडियाखानामा रहेको रिङ्ग टेल लिमर

वटासम्म हुने गर्दछन् । विशेष गरी मातृसत्तात्मक परिवार भएका र सामाजिक बन्धन एवं न्यानो हुनको लागि एक आपसमा टाँसिएर बसेको देख्न सकिन्छ । सूर्यको ताप, घाम अति नै मन पराउने हुनाले आफ्नो शरीर सूर्यको किरणतिर फर्काएर बसेको दृश्य निकै रोचक देखिन्छ । यिनीहरूले आफ्नो क्षेत्र पहिचान गर्न देखिने एवं सुगन्धित गन्ध छर्कने गर्दछन् । विशेष गरी पोथीले आफ्नो पहिचानका लागि स्त्रीगन्ध छर्कने तथा भालेले काखी एवं हत्केला नजिकैबाट पुरूषगन्ध छर्कने गर्दछन् । अझ भालेले आफ्नो पुच्छरमा त्यस्तो गन्ध लगाएर पुच्छरबाट नै गन्ध छर्केर विपक्षीलाई चेतावनी वा आफ्नो उपस्थिति जनाउँछन् ।

मौसम र वासस्थान अनुसार फलफूल, सागसब्जी, रूखका बोक्रा, किरा तथा सानोसानो ढाड भएका जनावर खाने यी सर्वभक्षी प्राणी हुन् । कहिलेकाहिँ माटो चाटेर वा खाएर शरीरलाई चाहिने खनिज, लवणको आपूर्ति गर्दछन् । दिनमा सक्रिय हुने यी प्राणीहरूले विभिन्न आवाज निकालेर आपसमा सञ्चार गर्दछन् । प्राकृतिक वासस्थानमा मध्य अप्रिलतिर गर्भाधान हुने तथा ४ देखि ५ महिनामा बच्चा जन्माउने गर्दछन् । वर्षमा १ पटकमा दुईवटा वा एउटासम्म बच्चा जन्माउने गरेको पाइन्छ । बच्चाहरू साँढे दुईदेखि तीन वर्षमा वयस्क हुन्छन् । यिनीहरूको औषत आयु १५ देखि १६ वर्षसम्मको हुने गरेको छ ।

काठ, दाउरा एवं कोइलाको लागि वनजंगल नासिँदै गएर तथा अवैध व्यापारको कारण यिनीहरू संकटमा पर्न थालेका छन् । पछिल्लो तथ्याङ्क अनुसार प्राकृतिक रूपमा यिनीहरूको संख्या २००० देखि २४०० रहेको छ । आइयुसिएन (IUCN) ले यसलाई Endangered र साइटिस (CITES) को Appendix I मा उल्लेख गरेको छ । राष्ट्र, अन्तर्राष्ट्रिय क्षेत्रका कानुनद्वारा संरक्षित भनिरहँदा पनि वासस्थानको कमि, अवैध शिकार, चोरी निकासीको कारण विश्वभरमा चिडियाखानाको प्राणी एवं कतिपय ठाउँमा पाल्तु जनावरको रूपमा राखिएको कारण यिनीहरूको संरक्षणप्रति बेवास्ता देखिएको छ ।



म्याडागास्करमा रहेको रिङ्ग टेल लिमर

Photo: Google

Reference:

Wilson, D.E. and Hanlon, E. (2010) Lemur catta (Primates: Lemuridae). Mammalian Species, 42(854): 58-74. Available at.

Lemur Conservation Foundation.

The Beza Mahafaly Lemur Biology Project.

BBC Nature - Ring-tailed lemur: More information on conservation in Madagascar.

Madagascar Wildlife Conservation.

Madagascar Fauna Group.

Email: bishwarijal@yahoo.com

चरा उद्धार गर्दाको रमाइलो क्षण



विद्यालयवाट घाइते चरा उद्धार गर्दै



संगीता घिमिरे
कक्षा- १०
पुरानो गुहेश्वरी मा.वि. तारकेश्वर

२०७५ भदौं २३ गते हामी विद्यालयमा थियौ । रामेश्वर न्यौपाने सरले दोश्रो घंटीको कक्षा लिइरहनु भएको थियो । कक्षा कोठाको झयालैबाट मैले एउटा सुगा जस्तै रंगभएको चरा विद्यालयको प्राङ्गणमा खसेको देखे । पढाइ रहनु भएको सरलाई मैले उक्त कुरा भने सर र हामी ४ जना विद्यार्थी कक्षा कोठाबाट वाहिर निस्केर उक्त चरा हेर्यौं । दाहिने पखेटामा रगतको टाटो एवं आलो घाउ देखियो । सरले एउटा कार्टुनमा चरा राख्नु भयो । उपचारको लागि विभिन्न ठाउमा फोन गर्नु भयो । तर कतैवाट सकारात्मक जवाफ नआएपछि हामीलाई समयसमयमा वन्यजन्तु संरक्षण वारे जनचेतना जगाउदै आउनु हुने "हरियाली रक्षक" का सरलाई फोन गर्नु भयो । हरियाली रक्षकका सरले आफू जसरी भएपनि आइपुग्ने वाचा गर्नु भयो । स्कूल विदा हुनै लागेको थियो । हरियाली रक्षकका विश्वनाथ रिजाल आउनु भयो । हामीले अनौठो चरा भनेर जिज्ञासा राखिरहेको वेला उहाँले चराको वासस्थन र साधारण नाम, पहाडी हलेसो (Wedge-tailed pigeon), वैज्ञानिक नाम *Treron sphenura* भएको वताउनु भयो । कुनै बाज चराले यसलाई घाइते वनाएको हुन सक्ने कुरा गर्नु भयो । उक्त घाइते चरा जिल्ला वन कार्यालय काठमाडौं अनि त्यसपछि उपचारको लागि सदर चिडियाखाना जावालाखेल पुऱ्याउने वताउनु भयो । चरा लिएर गए पछि चरा के भयो होला ? घाउ निको भयो कि भएन ? आदि मनमा खेलि रहयो । हुन त चराको अवस्थाबारे स्कुलका प्र.अ. सुमनलाल महर्जनले वेलावेलामा फोन गरेर जानकारी



चरालाई प्राकृतिक वासस्थानमा छोंडिदै

लिइरहनु भएको कुरा हामीलाई अवगत गराउनु भएको थियो नै । यस्तै ११ औं दिन अर्थात २०७५ असोज ४ गते हरियाली रक्षक र जिल्ला वन कार्यालय काठमाडौंका प्रतिनिधि सहित स्वस्थ्य भएको चरा लिएर हाम्रो स्कुलमा आउनु भयो । उक्त चराको प्राकृतिक वासस्थान नागार्जुन वन भएकोले सोही ठाउँमा छोड्न ल्याएको वताउदा हामी हर्षित भयौं । हामी केहि विद्यार्थी र प्र.अ. सहित चरालाई स्वतन्त्ररुपमा वासस्थानमा उडाउन नागार्जुन वन तिर गयौं । फूलबारी गेटमा आवश्यक अनुमति लिएर त्यहाका एक जना कर्मचारी सहित वन भित्र पुग्यौं । प्रधानाध्यापक

सुमन सरले आफ्नो हत्केलामा चरा राख्नु भयो । चरा एकै छिनमा उडेर वन भित्र पस्यो । घाइते भएर हाम्रो शरणमा आएको उक्त चरा उद्धार गरी प्राकृतिक वासस्थानमा छोड्न पाउदाको त्यो क्षणहरु मलाई निकै आनन्दमय एवं महत्वपूर्ण लागेको थियो । अझ चरा उद्दार गर्दाको त्यस क्षणलाई साथीभाइ एवं आफन्तलाई सुनाउन पाउदा आज पनि आनन्द महसुश हुन्छ ।



घाईते चरा

जुम्लामा फट्याङ्ग्राले वाली नष्ट गरेका छन् ।



गोपाल व. शाही

सिजा गाउँपालिका, नराकोट,जुम्ला

२०३२ सालतिर हामी सानो छदा गाई, बाखा चराउन वन छेउमा जान्थ्यौं । जंगलमा थारल, घोरल, हरिण, मृग प्रशस्त थिए । चितुवा जस्ता जनावर वनमा नै रमाउथे । गाई, बाखा खाएको सुनिदैन थियो । तर वि.सं. २०४०, २०४२ सालतिर वनजंगलका हरिण, मृग सकिन थाले पछि चितुवाले गाउँका गाई, बाखा खान थाले, गाउँलेहरुले विभिन्न तरिकाले चितुवा मारे अहिले त जुम्लामा चितुवा नै छैन । कतै कतै सानो थोप्लो भएको विरालो जस्तो बाघ (चरी बाघ) रुखका टोड्कामा देखिन्छ । कसैलाई आक्रमण गरेको वा गाई, बाखा खाएको सुनिदैन । स्यालको संख्या धेरै भएको कारण चितुवा नभए र नै हो । जुम्लामा बाँदर देखिदैन कहिले काहि कालीकोट तिरबाट घुमन्ते बाँदर आउछन् तर फर्कि हाल्छन् । वालीनाली नष्ट गर्ने मुख्य रुपमा वँदेलले हो अझ यहाँ एक प्रकारको फट्याङ्ग्राले खेतीवारी नष्ट पारेका छन् । जंगल घना छ, सामुदायिक वनको राम्रो व्यवस्था छ । प्रत्येक शनिवार स्याउलाको लागि वन पस्न अनुमति छ । हाम्रो क्षेत्रमा जाडोमा झण्डै ५ फीटसम्म हिउ पर्दछ । कहिले काही वस्तु भाउ हिउले पनि पुरिन्छ । घरमा पाल्ने चौरी गाई कतै कतै छन् । तर जंगली चौरी भएको मलाई थाहा छैन । हुन त यहाँ जंगली भालुले पनि वाली नाली नष्ट गर्ने र मानिसले यसलाई मार्ने तथा भालुले पनि मानिस मारेको सुनिन्छ ।

वनका वन्यजन्तु मार्ने र त्यसलाई उपयोग गरेको थाहा पाइदैन । कहिलेकाहि लुकीछिपी वनकुखरा मारेर खाएका देखिन्छ तर डाँफे राष्ट्रिय चरा भएको कारण मार्दैनन् ।

वन्यजन्तुले मानव वा धनजन क्षति गरेको कुरा लिएर राहत माग्न वनकार्यालयमा यहाका मानिस गएका छैनन् सायद जनचेतनाको कमी वा डर त्रासले गर्दा होला ।

जुम्लाका मानिस काठमाडौं वा नेपालगंञ्ज तिर चितुवाको छाला वा अन्य आखेटो पहार वेच्न हिडेको भन्ने समाचार सुनिए पनि ति जन्तु जुम्लामा मारिएका पक्कै होइनन् ति अन्तैबाट अपराध गरेको हुनुपर्दछ । वन्यजन्तु हाम्रो प्राकृतिक सम्पति हुन । यिनीहरुको रक्षा गरे मात्र हाम्रो पृथ्वी संरक्षण हुन्छ र हामी पनि स्वस्थ्य रुपमा वाच्न सक्दछौं ।

(हरियाली रक्षक सँगको कुराकानी मा आधारीत)



चितुवा-मानव द्वन्द्व

म सख्त घाइते भए पनि दोष चितुवाको छैन ।



नेमा तामाङ्ग
कक्षा-१०
काभ्रेस्थली मा.वि. तारकेश्वर

मेरो घर तारकेश्वर न.पा.-२, काभ्रेस्थली, भेडी गोठमा पर्दछ । २०७५ भदौं २६ गते विहान ७ वजे तिर घर नजिकै उत्तरतर्फ कुकुर एकतमासले करायो । एक्कासी एउटा चितुवा नजिकैको झाडीबाट आएर कुकुर माथी झम्ट्यो । म नजिकै भएकोले सो ठाउबाट उम्कन सकिन । घरमा पालेको कुकुर आफै तिर सहयोग माग्न आइरहदा एक्कासी चितुवाले मलाई पनि आक्रमण गऱ्यो । मैले कैयौ पटक चितुवाको पञ्जा हातले पन्छाए । चितुवाले लगातार मेरो टाउको, निधार, अनुहार तिर पञ्जाले हिर्काउन खोज्दा जसोतसो मैले उसको पञ्जा पन्छाए । अझै मेरो घाँटी भएको छैन् । सो क्षेत्रमा वेलावेलामा चितुवा आइरहने तथा हामीलाई आक्रमण गरेको एक महिना अगाडि पनि ३ वटा वच्चा सहित पोथी चितुवा हिडिरहेको कुरा गाउलेहरुले भन्नु भएको थियो । हामीलाई आक्रमण गर्ने चितुवा त्यही हो भनेर भन्न सकिन्न ।



चितुवाले झम्टेको कुकुर देखाउदैं

नजिकैसम्म उसका नङ्ग्रा पुग्दा म पछाडि हट्दै उम्कन खोजे । कुकुर पनि उत्तिकै जोड सँग भुक्दै आक्रमण गरिरहदा घरभित्र हुनुभएका मेरो दाजु (२२ वर्षका) राजु तामाङ्ग पनि हतारिएर सो ठाउ आउनु भयो । खाली हात आउनु भएका दाईले चितुवालाई कराएर लखेट्न खोज्नु भयो । झण्डै ५ मिनेट जति हामी आफ्नो वचावट गर्दै चितुवा लखेट्ने प्रयास गऱ्यौं । अनन्त: चितुवा भाग्यो, कुकुर एकतमासले कराइरहेको थियो, तर कुकुलाई कतै पनि घाउ चोट लागेन । म रक्ताम्मै भए । लगाएको सवै लुगा रगतले भिजेको थियो, दाइको खुट्टामा पनि रगत बगिरहेको थियो । हामी दुवै अस्पताल भर्ना भयौ । डाक्टरले औषधी उपचार गर्दा थाहा पाए हातमा गहिरो घाउ रहेछ । अनुहार, छाती अनि ठाउठाउमा कोतरेको पनि रहेछ । दाइको खुट्टामा पनि ठूलो घाउ थियो । अझै हाम्रो घाउ निको

म र दाजु अस्पतालबाट फर्के लगतै "हरियाली रक्षकका" दुई जना सर हाम्रो घरमा आइपुग्नु भयो । उहाले हाम्रो घरमा वुवा, आमा सवैलाई राखेर आफ्नै ल्यापटपबाट निकै सरल ढंगबाट चितुवाको आनीबानी अनि चितुवाको आहारा, वासस्थान, चितुवा - मान्छेबीचको द्वन्द्ववारे जानकारी गराउनुभयो । उहाँले वन्यजन्तु अपराध गरेमा हुने सजाय तथा वन्यजन्तुले जनधनको



चितुवा-मानव द्वन्द्व वारे जानकारी लिदैं

क्षति गरेमा पाइने राहतको वारेमा पनि हामीलाई जानकारी गराउनु भयो । जानकारी पाएसँगै

हामीले चितुवाबाट भएको आक्रमणको विवरण सहित जिल्ला वन कार्यालय काठमाडौंमा राहतको लागि निवेदन दियौं ।

हामीलाई चितुवाले आक्रमण गरेको ६ दिन पछि सोही गाँउमा पिच सडकबाट तल पानी वगिरहेको सानो खोल्सो नजिकै धानबारीमा चितुवा मरेको कुरा सुनियो । एकै छिनमा सेना, प्रहरी, वन र राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आउनुभयो र उक्त मरेको पोथी जातको चितुवा लिएर जानु भयो ।

यो पृथ्वी हामीसबै जिवित प्राणीको साझा घर हो । यो कसैको पेवा होइन, हामी सवैको यहाँ बस्ने अधिकार छ, यसैले वन्यजन्तुको अझ महत्व छ । मानिसको लापरवाहीको कारण धेरै जनावरले आफ्नो वास स्थान गुमाउनु परेको छ । प्रकृतिको स्वच्छ वातावरण मात्र होइन, जंगलमा वस्ने प्राणीहरुले आफ्नो वासस्थान, आहारा नपाउदा उनीहरु मानिसको वस्ती वस्तीसम्म आउन थालेका छन् । जंगल फडानी गर्ने, जंगलमा आगलागी गराउने, वन जंगल भित्र धेरै वाटो घाटो वनाउने, वनभोज तथा मनोरञ्जनको स्थलको रुपमा उपयोग बढदै जाँदा वनजंगल नाममात्र भएको छ । हाम्रा वुवा, आमा हजुरवुवा हजुरआमाले पहिले पहिले जंगलका जनावर वाहिर निस्कदैन थिए । जंगलमा नै रमाउथे तर आजभोली घर आगनमै आउन थालेका कारण हाम्रै लापरवाहीले भएको भन्नु हुन्छ । हामीले वनजंगलवाट प्रत्यक्ष, अप्रत्यक्षरुपमा धेरै कुरा



चितुवा-मानव द्वन्द्व वारे छलफल गर्दै

प्राप्त गर्न सक्दछौं । मलाई चितुवाले आक्रमण गरेर सख्त घाइते वनायो । अझै भनौं भने



चितुवा मरेको ठाउँ देखाउदै

भगवानले वचाए तर पनि मैले चितुवाको दोष देखेको छैन, यो त मानिसले गरेको गल्तीको परिणाम हो भन्छु । वनक्षेत्रमा वास हुने चितुवा कसरी निस्केर हाम्रो घर नजिकै आयो ? चितुवाले आफ्नो घर वनजंगलमा बस्ने अवसर पाएन अझ उसले खाने मृग, हरिण, खरायो, बाँदर आदि जीव जंगलमा कम भए कति त लोप भए अनि त्यो वनका जीव जाने ठाउ कहा नै पो हो र ? मानिस आफू स्वतन्त्र भएर बस्न खोज्दछ, आफ्नो अधिकारको लागि लड्छ अनि ति वन्यजन्तुको अधिकार खोस्दछ, यही हो हाम्रो कर्तव्य ? के यसैबाट प्रकृतिको संरक्षण हुन्छ ? पक्कै पनि होइन । यसैले हामी आफै मात्र बाँचौं भन्ने भावना त्यागेर यो पृथ्वीलाई संरक्षण गर्न अव एकजुट होऔं अनिमात्र हामी सबैको कल्याण हुन्छ ।



काभ्रेस्थलीमा मृत भेटिएको चितुवा

Environment Conservation is Prime

Subin Ghimire
Class-10
Tarun Sec. School



Environmental degradation is the deterioration of the environment through depletion of resources and ultimately causing the destruction of ecosystems. Habitat destruction and the extinction of wildlife is one of the effects of environmental pollution. Environmental degradation is one of the threats, The environment degradation are improper land use in agriculture, pollution, overpopulation, deforestation and other natural causes like earthquakes, waves, storms and wild fires. Due to the environmental degradation, human as well as other creatures are having many bad effects like health problems loss of biodiversity, ozone layer depletion and loss for tourism industry. As we know we have only one planet where our life is possible thus conservation should be in prime position in every steps of our life.

यसलाई बचाउनुपर्छ



नमिता भट्ट
कक्षा-१०
तरुण मा.वि. नेपालटार

वातावरण यस्तो अमुल्य चिज हो
जहाँ गए हाम्रो नजिक हुन्छ जो
मानव जीवनको सुरुवात भयो यहिबाट
तर यस्को असफलताको लाग्यो हामीलाई मात

छ सधै यस्ले हामी निम्ति हारेको
छ सधै भरी यस्ले हाम्रैलागी आफुलाई मारेको
छैन यो तिम्रो र मेरो छ यस्मा सबैको हक
न त गर्छ यस्तै भेदभाव न छ यस्मा दुईमत

हो त्यसैले सबै मिली वातावरण जोगाउनुपर्छ ।
सधै हामीले यसलाई बचाउनुपर्छ ।

Environment



Radhika Bashyal
Class-10
Tarun Sec. School

The sum total of all surroundings of a living organism, including natural resources and other living things, which provides development & growth of living things. As we known that the clean environment is very necessary to live a peaceful and healthy life. But our environment is getting dirty day by day because of our negligence. It is an issue, everyone must know about our environment pollution. An environment is the natural surrounding which help life to grow, nourish. Natural environment plays a great role in the existence of life on earth.



वातावरण जोगाउन



सबिता आचार्य
कक्षा-१०
तरुण मा.वि. नेपालटार

छ सधै हाम्रो वरी र परी
गर्छ यस्ले हाम्रो हेरचाह आमा सरी
जन्म देखी मर्नसम्म हुन्छ हाम्रो सामु
सधै हुन्छ हामीसँग यस्लाई छोडेर कहाँ जानु

यस्कै कारण मानवीय जीवन सम्भव भयो
यस्ले सधै भरी हामीलाई नै गुण लायो
न त सानो र ठूलोमा भेदभाव गरायो
सधै भरी यस्ले मात्र त्याग गरे पनि
अझै पनि हाम्रो आत्म प्रकृतिले हारे पनि
अब त अति भयो उठ्नै पर्छ वातावरण
जोगाउन
अब त हामी जुट्नै पर्छ वातावरणलाई बचाँउन

In 45 years, 60% wildlife killed
Between 1970 and 2014, Earth lost nearly 60% declines of its mammals, birds, fish, reptiles and amphibians, almost all of it due to human activity. The rate at which Earth is losing its biodiversity is comparable only to the mass extinctions.

Ref : Living planet report, 2018

वनजंगल संरक्षण



विन्दिका ओली
कक्षा-१०
तरुण मा.वि. नेपालटार

प्रकृतिक सुन्दरताको
खानी सुन्दर नेपाल
सुन्दरता मासेर
नगरौं है बबाल

प्राकृतिक सम्पदामा
पर्छ वनजंगल
वनजंगल जोगाए
हुन्छ हाम्रै मंगल

वनजंगल भित्र बस्छन्
वन्य जन्तु
तिनीहरुलाई हानी
नगरौं परन्तु

वातावरण सन्तुलन राख्न
दिन्छ हामीलाई साथ
जोगाऔं वनजंगल
मिलाई हात हात

अनावृष्टि, अतिवृष्टि
खण्डवृष्टि रोक्छ
बाढि र पहिरो
पनि यसले छेक्छ

प्रदुषण, धुँवा अनि
रोक्छ धुलोलाई
बाल्नलाई मद्दत गर्छ
निभेको चुलोलाई

वातावरणको कार्बनडाइअक्साइड
प्रकाश संश्लेषन गर्छ
यति महत्वपूर्ण वनजंगल
संरक्षण गर्नुपर्छ

सहयोग गर्छ हामीलाई
धर्तीमा बाँच्नलाई
धेरै धेरै माया
अनि प्रिति साँच्नलाई

Environment Issues and Solution

Chhring Dolma
Class-10
Tarun Sec. School



Environment is all the biotic and abiotic components around us where we reside. "Environment is for human and human is for environment". We depend upon environment. There is no chance of survival without environment. It includes natural, perpetual, artificial and renewable resources. We are living in a industrialized and urbanized environment.

There are many burning issues in our society the main problem is wastes and as a result we have a polluted environment. The increasing number of environmental pollution has brought a bad outcome in our environment. As an example of environmental issues, "we can see people with white mask on the road. It has become a very serious problem as lot of peoples are getting hospitalized due to environmental issues. More than 100 peoples are getting hospitalized due to environmental issues such as air pollution, water pollution, soil degradation, etc. In a survey it was known that, "Before 30 years Kathmandu valley was an agricultural environment and now just in front of our eyes we can see building and blocks filled up with cement and bricks. "Environment is our home". Yes, environment is our home. We are gaining everything from environment where we are surviving. Forest, water, air, everything we get from environment.



We are depending upon environment but not ready to face the upcoming consequences. We can see deforestation and but not people serious to plant a tree. "Plant a tree to save earth" So, let's begin to protect our environment and eradicate the environmental issues. Because we know, "Drop, Drop make an ocean" Single effort of an individual may not help protect our environment but togetherness it can be successful. At last but not least, "Let's preserve our environment for healthy living.

Pollution and Solution



Namrata Oli
Class-10
Tarun Sec. School

Everything around us is called environment, the degradation of environment is called pollution. Pollution is a burning problem rising in our place, the example of pollution in Bagmati and Bishnumati river just in front of our sight. No doubt it is result of our carelessness and policy implementation.

None of us are aware about it. Here, we are residing nearby forest but what about people who are facing dirty air near Rani Pauwa dumping site of Nepal. "The healthy body exists in healthy environment" So, for safe living we need a safe environment. We are dependent but it doesn't mean that we need to depend even in environment issues. Our expectation has gone way too far? Are we waiting for foreigners to strengthen effort for environment projection? If problem has arisen within us then the solution is also with us. I would suggest something, the only solution to this burning issue is common understanding that, our objectives is to protect healthy environment.

There are two types of waste; Degradable & Non degradable waste. Degradable are decaying one and non-degradable are non-decaying one. We need to manage them. This kind of wastes separation are eco-friendly. As one can be used as bio fertilizer. And next one is 3R principle; Reuse, Reduce & Recycle. If these points are taken into consideration then 90% of wastes can be decreased. Let join our hands for a clean and health tomorrow finally, "Start Today & save Tomorrow".

वातावरण प्रदूषण



नविना रिजाल
कक्षा-१०
तरुण मा.वि. नेपालटार

वातावरण प्रदूषण भनेको मानिस रहने वा मानिसका लागि बाँच्नका लागि चाहिने वरपरका हावा, पानी , भूगोल आदि हुन् । प्रदूषणको समस्याले मानिसै लगायत सबै प्राणीलाई सहज रुपमा बाँच्न दिएको देखिन्न । त्यसैले वातावरणको समस्याप्रति वातावरणविद पृथ्वीमा रहने चेतनशील प्राणी सबैको चासो बढ्न थालेको छ । प्राणीलाई बाँच्नका लागि पृथ्वी वा माटो, तेज प्रकाश, जल वा हावा आदिको आवश्यकता पर्दछ । मानिसले स्वच्छन्द भएर स्वस्थ्य हावामा श्वास फेरी पृथ्वीको हावालाई शरीरको फोक्सोमा पुऱ्याउँछ । पानी पिएर रगतका माध्यमबाट शरीरको प्रत्येक अङ्गलाई फूर्तिलो बनाउँछ र प्रकाशलाई ग्रहण गरेर शरीरमा ताप क्रिया वृद्धि गर्दछ । यसका साथै मानिसले प्राण धान्न तथा शरीरमा शक्ति बढाउनका लागि पृथ्वीमा उत्पादित भएका खाना खाने गर्छन् । यसरी मानिसले प्रयोग गर्ने प्राकृतिक वस्तु प्रदूषित हुँदा मानिसको वाह्यमात्र होइन आन्तरिक शरीर पनि विरामी हुन्छ । यी सबैको कारण वातावरण प्रदुषण हो ।

वातावरण प्रदुषण प्रकोप र मानव निर्मित प्रदूषणका कारणले भएको छ । भूकम्प, ज्वालामुखी, बाढी, पहिरो, सुनामी आदिका कारणले भएको प्रदुषण प्राकृतिक प्रकोपबाट सिर्जना भएको हो । त्यस्तै कलकारखाना, उद्योग, आणविक, भट्टी, इन्धन विकास निर्माणका सामाग्री, जनसङ्ख्या वृद्धि, द्वन्द्व, युद्ध आदिका कारणले हुने प्रदुषण मानव निर्मित प्रदुषण हो । वर्तमान विश्वमा प्रकृति वाट पनि मानिसबाटै बढि वातावरणको विनाश भएको छ । वातावरण संरक्षणको उपाय पनि मानिसँगै छ । यसको लागि सर्वप्रथम मानिस स्वयम सचेत हुनुपर्छ । यसैका कारण वातावरण प्रदुषण निकाकरण गर्न स्थानीय तहदेखि राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय तहसम्म विभिन्न कार्यक्रम र योजना निर्माण गरिएका छन् । वातावरण सचेतना जगाउने गोष्टी, सेमिनार भई नीति नियम तर्जुमा गरिएका छन् । सामान्य तहका मानिसहरुलाई पनि यसप्रति सचेत बनाउन सिनेमा तथा टेलिभिजन कार्यक्रम पर्चा, पोष्टर आदि वितरण भएका छन् ।

वन हाम्रो धन



मनिका पनेरु
कक्षा-१०
तरुण मा.वि. नेपालटार

रुखै रुखले भरीएको ठाउँलाई वन भनिन्छ। वनमा ठूला साना धेरै रुखहरु हुन्छन् । वनमा सा-साना बुट्टा, झाडी र घाँसपात पनि हुन्छन् । वन, मानिस् र अन्य जीवजन्तुका लागी निकै फाईदाकारी कुरा हो । वन जङ्गली जनावरको वासस्थान पनि हो । वनमा थरीथरीका चराचुरुङ्गी, रङ्गीबिरङ्गी पुतली, स-साना किरा फट्याङ्ग्राहरुको घर पनि हो । वन मानिस लगाएत पृथ्वीका सम्पूर्ण जिवजन्तुका लागि नभई नहुने कुरा हो । हाम्रो पृथ्वीमा धेरै वनहरु छन् । पृथ्वीमा सानाठूला हजारौं वनहरु छन् ।

वनबाट मानिसले धेरै फाइदा लिएका हुन्छन् । वनका रुखका काठबाट नै हाम्रा घरका भ्याल, ढोका, टेबल, कुर्सी तथा अन्य सामान बन्दछन् । हाम्रा गाउँघरका कतिपय घरहरु वनाउँदा धेरै जसो वनकै काठ प्रयोग गरिन्छ । वनका रुख तथा रुखका हाँगा विगा नभई हामी आगो बाल्न तथा खाना पकाउन सक्दैनौं । हाम्रा गाउँघरमा उहिले पनि दाउराकै आगोमा खाना पकाउने गरिन्थ्यो । हाम्रो विद्यालयका मेच, टेबल तथा डेक्स, बेन्च पनि वनकै रुखका काठबाट बनेका हुन् । हामी दैनिक जीवनयापनका काममा वन र वनका कुराहरुलाई प्रयोग गरिरहेका हुन्छौं । वन पानीको स्रोत पनि हो । पानी नभई हामी बाच्न सक्दैनौं । वनले हाम्रो खेतवारीमा पहिरो जानबाट बचाउछ । वनले गर्दा हाम्रो वातावरण पनि हरियाली र रमणीय बन्दछ । वनबाट हामीले स्वच्छ हावा वा अक्सिजन पाउँछौं । हामीलाई सास फेर्नका लागि स्वच्छ हावाको प्रमुख स्रोत वन हो । वनको हरियालि वातावरण हेर्दा तथा डुल्दा निकै आनन्द आउँछ । आजकल त पर्यटकहरु हात्ती तथा जिपमा चढेर वन डुल्न मन पराउछन् । वन डुलेर थरिथरीका पशुपंक्षिहरुको फोटो खिच्नु कतिपय मानिसको रुचि नै बनेको छ । पशुपालन गर्न मानिसले वनबाट स्याउला, घाँसपात तथा सोतर ल्याउँछन् । किसानहरु आफ्नो गाईवस्तु चराउन वनतिर लैजान्छन् । वनमा धेरै प्रकारका जडीबुटी पाईन्छन् । वनका जडिबुटीबाट औषधी बन्दछ । हामी कहिलेकाही विरामी पर्दा वनकै जडिबुटीबाट बनेका औषधि सेवन गरेर निको हुन्छौं । वनका काठहरु विक्री गरेर देश धनि बन्छ । धेरै वनहरु भएको देशलाई धनी देश भनिन्छ ।

वनमा पाईने जङ्गली जनवारहरु जस्तैः हात्ती, वाघ, हरिण, गैडा, घोरल, चित्तल, मृग आदि वनका शोभा हुन् । जङ्गली जीव जन्तु नभएको वन मानिस नबस्ने घर जस्तै मात्र हो । वन संरक्षण गर्नं हामी मानिसको कर्तव्य हो । हामीले वनका चिजवस्तु प्रयोग गर्दा निकै ध्यान पुऱ्याउनुपर्छ । जथाभावी वन फडाँनी गर्नं हुँदैन । खाली जग्गामा वृक्षारोपण गर्नं पर्छ र त्यसको संरक्षण गरी वन वनाउनुपर्छ । वनमा आगलागी हुन दिनु हुँदैन । हामी सबै मिलेर भइरहेको वन जोगाउने तथा नयाँ वन बनाउने काम गर्नु पर्छ ।

BIO DIVERSITY IN A CHANGING WORLD

- The Living Planet Index has recorded an overall decline of 60% in species population sizes between 1970 and 2014.
- The Living Planet Index shows species population declines are especially pronounced in the tropics, with South and Central America suffering an 89% loss compared to 1970.
- A Freshwater Living Planet Index shows an 83% decline since 1970.

Ref : Living planet report, 2018

पछुतो

प्रभु बुढाथोकी
कक्षा-१०
तरुण मा.वि. नेपालटार



एकादेशमा एउटा गाउँमा जन्तरे नाम गरेको मानिस बस्थ्यो । ऊसँग गाई, बाखा, भैसी, खेतबारी थुप्रै थियो । ऊ अलि घमण्डी पनि थियो। उसले गाई वस्तुलाई खेतबारीमा भएको घाँस खुवाउने गर्थ्यो । उसको घर छेउमा जङ्गल पनि थियो । जब खेतको घाँस सकियो उसले आफ्नो घर छेउमा भएको जङ्गलमा गएर घाँस ल्याउन थाल्यो । जन्तरेले गरेको काम देखेर त्यहि गाउँमा बस्ने रामले उसलाई जङ्गलमा भएको घाँसपात, रुख काट्न हुँदैन । यसले हामीलाई राम्रो बातावरण दिन्छ। जब यो जङ्गल रित्तिन्छ तब तिमीलाई ठूलो समस्या पर्छ । हामीले यसलाई जोगाएर राख्नु पर्छ भनेर सम्झाउने गर्थ्यो । तर जन्तरे कसैको कुरा पनि नसुनी राती राती घाँसपात, काठ चोर्ने गर्थ्यो । यसरी जङ्गलमा भएको घाँसपात काट्दा काट्दा जङ्गलनै रित्तियो । एकदिन त्यहि गाउँमा ठूलो पानी पऱ्यो । पानीले गर्दा पहिरो आयो । पहिरोमा उसको घर, खेतबारी, गाई, बाख्रा सबै पुरि दियो । त्यसपछि उसलाई रामले भनेको कुरा याद आयो र पछुताउन थाल्यो । त्यसपछि जन्तरेले पहिरो गएको ठाउँमा बिरुवा रोप्न थाल्यो । उसले दिनदिनै विरुवामा पानी हाल्न थाल्यो । दुईचार बर्षपछि त्यही ठाउँमा घना जङ्गल भयो । अहिले जन्तरेले थुप्रै गाईवस्तु पालेको छ । ऊ खुसीले बस्न थालेको छ । त्यसपछि जन्तरेले जङ्गलको संरक्षण गर्न थाल्यो ।



वनविनासको परिणाम



वन संरक्षण



Human and Nature



Ambika Shrestha
Class-10
Tarun Sec. School

Human beings began to produce their own food by means of cultivation. Then man started to alter the environment by felling trees, using insecticide and pesticide in agriculture, misuse of garbage and nonscientific industrial development. Nature and natural resources are not to be exploited to meet the minimum physical need of humans. Man should understand that nature does not exist primarily for human use but for all living species. Environment gives everything to meet human needs, natural resources are in limited amount but human needs and wants are unlimited thus we have studied about human needs and resources. We must learn how to manage the resources sustainably.

For that we should use the resources to meet the needs of the present generations without compromising the ability to meet the needs of future generations. All the basic resources required for living beings come from the environment. We are living only one this planet's where important species living together. Human beings should understand that nature exits for all of the earth's species. Human should not overuse the environmental resources.

Importance of Forest



Anji Tamang
Class-10
Tarun Sec. School

Forest are of great importance to mankind. Following are some points illustrating the importance of forest. Forest help in maintaining water cycle on earth. Plants absorb water from the soil through their roots. The process of releasing excess water by plants into the atmosphere in the form of water vapor is known as transpiration. The process in which water vapor from oceans rises and condense to form clouds in known as condensation and the process of moving clouds of land due to sea breeze is known as precipitation and this eventually leads to rainfall. All these processes together from the water cycle and hence forests play a significant role in continuing water cycle.

Forest help in maintaining the temperature and oxygen level of the atmosphere. Plants release oxygen during photosynthesis and cunsume carbon dioxide. Forest being a huge reserve of plants and trees, they play a significant role in balancing oxygen level in the atmosphere. Forests prevent soil erosion. Trees present in the forest hold the soil particles strongly with the roots and prevent them from erosion.



The Nature



Anu Tamang
Class-10
Tarun Sec. School

In the nature
With dangerous adventure
Having many creatures
With funny features.

Some parts of the forest
Are like our bravery's test
Where darkness rests
And where serenity it at its best.

Nature is wonderful
Its creation is beautiful
But we are not dutiful
To keep the nature delightful.

We chop down trees
And take honey from bees
It is very bad indeed
To trouble the deer's knees.

To keep nature pretty
It is our own duty
To returns nature its beauty
We should follow the trait of honesty

What The Nature Suffer ?



Dichhen Sherpa
Class-10
Tarun Sec. School

This is about the world who doesn't care about our environment nature. They are spoiling nature.
Open drainages system,
Human beings do not realize
Struggling and surving human prefers
One day, nature will surely suffers.

Factories and industries releases harmful gases,
Unaware human beings still careless
What will happen to the world?
This is my concern for tomorrow's world.

Increasing auto mobiles on rise
Release dangerous CO
Contributing pollution in day to day life
Spoiling the nature, destabilizing life,

Let rise to occasion and minimize pollution,
Save the nature and avoid congestion,
If nature continue to suffers,
Generation next shall curse their mentors.

Let's pledge, not to play with nature more,
Plant more trees, save pollution and be assure
Nature will pay back all the dividends
Giving generation next, a healthy and safe land.

वातावरण जोगाउनु हाम्रो दायित्व



अस्मिता राई
कक्षा-१०
तरुण मा.वि. नेपालटार

